प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# दैनिक गतिविधि

२६ बैशाख, २०७७

फोन नं. ०६१-५२०३९०
PHEOC: ०६१-५२४०७४
फ्याक्स. ०६१-५२०३३०
टोल फ्री नं. १०९२

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु :

आज गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ ज्यू र सम्मानीय प्रधानमन्त्रीज्यू बीच भएको भेटवार्तामा गण्डकी प्रदेशका प्रत्येक जिल्लामा ICU स्थापना गर्ने, त्यसका लागि आवश्यक वातावरण बनाउनुपर्ने र लेखनाथ सामुदायीक अस्पताललाई प्रदेशको संक्रामक रोग व्यवस्थापन गर्ने अस्पताल बनाउने निर्णय बारे चर्चा गर्नुभयो । साथै सोही निर्णयमा आवश्यक पर्ने अर्थ व्यवस्थापन बारे संघिय अर्थमन्त्री ज्यू संग पनि कुराकानी गर्नुभयो भने हिजो योजना आयोगका माननीय उपाध्यक्षज्यू र स्वास्थ्य तथा जनसंख्यामन्त्री ज्यू संग समेत कोरोना संक्रमण, स्वास्थ्य आपुर्ती व्यवस्थापनमा सुधार ल्याउनुपर्ने विषयमा छलफल तथा परामर्श दिनुभयो ।



आज स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश पोखरामा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रका संयोजक नवराज शर्मा, विश्व स्वास्थ्य संगठनका डा. राजीव लालचन र सु-आहारा कार्यक्रमका यम.जी.सी सम्मितिल एक बैठक सम्पन्न भएको छ । बैठकमा सुआहारा ले कोभिड - १९ सम्बन्धि कार्यसम्पादनको लागि चिकित्सक उपलब्ध गराउनुका साथै सामुदायिक सचेतना कार्यक्रममा समेत सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।





आज स्वास्थ्य मन्त्रालयबाट गण्डकी प्रदेशमा खटिइ आउनुभएका डा. प्रदीप के.सी र डा. सन्तोष के.सी ले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति, पश्चिमान्चल क्षेत्रिय अस्पतालका निर्देशक डा. अर्जुन आचार्य, विभागीय प्रमुखहरु लगायत सम्मिलित एक बैठक पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सम्पन्न भएको छ। बैठकमा कोभिड - १९  सम्बन्धि प्रयोगशाला परिक्षण, आइसोलेसन लगायतका विषय र ओ.पी.डी तथा अन्य सेवा संचालन गर्ने विषयमा समेत छलफल भएको थियो ।



कोभिड - १९ को रोकथाम, उपचार, ब्यवस्थापन एवं Recording Reporting लगायतका विषयमा स्वास्थ्य कार्यालय पर्वतमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आज भएको उक्त कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यालय पर्वतका प्रमुख डा. भोजराज गौतमले गर्नुभएको थियो भने अन्य सहभागीहरु स्थानीय तहका स्वास्थ्य संयोजक, सूचना प्रबिधि अधिकृत र स्वास्थ्य  कार्यालय पर्वत का कर्मचारीहरु हुनुहुन्थ्यो । कार्यक्रमको सहजीकरण नवीन किरण भुसाल, मोहदत्त ढकाल र सफ्टवेयर निर्माता प्रकाश पौडेलले गर्नुभएको थियो ।



आर्थिक वर्ष २०७७/७८ को स्वास्थ्य तर्फका कार्यक्रमहरुको योजना निमार्णका लागि स्वास्थ्य तालिम केन्द्रमा हिजो सुरु भएको बैठक आज पनि जारी रहेको थियो ।